गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय र
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

# एकीकृत सेवा कार्यालय

गोरखा, नेपाल

☎०६४४२०२२९/९८५६०४०२२९

पत्रसंख्याः ०८२।८३
च. नं.: ६८

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मितिः २०८२।०७।२७)

सामाजिक विकास कार्यालय, गोरखाबाट चालु आर्थिक वर्ष २०८२/०८३ मा तपसिल बमोजिमका स्वीकृत बार्षिक कार्यक्रम कार्यान्वयन सम्बन्धमा **सामाजिक विकास, युवा तथा खेलकूद मन्त्रालयबाट स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०८२** बमोजिम उक्त मापदण्डमा उल्लिखित आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशन भएको २१ **(एक्काइस) दिन भित्र** यस कार्यालयमा प्रस्ताव सहितको फायल पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. प्रारम्भिक बालविकास केन्द्रमा सिकाई सामग्री व्यवस्थापन अनुदान
२. आधारभुत तह (कक्षा १-८) मा विज्ञान प्रयोगशाला सुदृढीकरण अनुदान
३. न्यूनसिकाई उपलब्धी भएका (कक्षा ८-१० मा विज्ञान, गणित र अङ्ग्रेजी विषय) विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन अनुदान

यस सम्बन्धी प्रस्तावको ढाँचा अनुसूची ३२, ३४ र ३६ मा प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु, मूल्याङ्कनका आधारहरु लागायतका थप जानकारी यस कार्यालयको वेभसाइट sdogorkha.gandaki.gov.np बाट प्राप्त गर्न सकिनेछ । मापदण्डमा तोकीए बमोजिमका कागजातहरु पुरा नभएका र म्याद भित्र पेश नभएका प्रस्तावहरु मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।

सम्पर्कका लागिः ०६४४२०२२९/ ९८५६०४०२२९/९८४६१५८२१५

प्रस्ताव संलग्न गर्नुपर्ने कागजातहरुः

१. माथि उल्लिखित १, २ र ३ नं. को कार्यक्रमका लागि क्रमशः अनुसूची- ३२, ३४ र ३६ को ढाँचामा कार्ययोजना सहितको कार्यक्रम प्रस्ताव,
२. कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णय,
३. कार्यक्रम दोहोरो नपरेको सम्बन्धमा स्थानीय तहको शिक्षा, युवा तथा खेलकूद महाशाखा/शाखा को सिफारिस पत्र,
४. स्थानीय तहसँग कार्यक्रम सञ्चालनका लागि साझेदारी भए नभएको विवरण खुलेको सिफारिस पत्र,
५. स्थानीय तहबाट सोही कार्यक्रमका लागि अनुदान प्राप्त नगरेको भनि विद्यालयको स्वघोषणा पत्र ।

कार्यालय प्रमुख
दशरथ शर्मा
सामाजिक विकासतर्फ
कार्यालय प्रमुख